# १ स्वर्गमा घनघोर सङ्कट

<u>*यस अध्यायका मूल पदहरू:*</u> यशैया १४:४,१२-१५; इजकिएल २८:२,१२-१९, यूहन्ना १२:३१; प्रकाश १२:१७-१३; लूका १०:१-२१।

<u>*यस अध्यायको स्मरण गर्नपर्ने मूल पद:*</u> "स्वर्गको सिंहासनमा बस्नुहुने हामीहरका परमेश्वर र थुमामा हामीले पाउने मुक्ति निहित छ।" (प्रकाश ७:१० रूपान्तरित)।

"परमेश्वरको शासनको जग नै प्रेमको व्यवस्था हो। यदि सबै मानिसले त्यसका धार्मिक वा उचित जीवन बिताउने गरिमामय आदर्श नीतिहरू पालन गरेको भए तिनीहरू खुशी हुनेथिए। परमेश्वरको स्वभाव तथा चरित्रलाई बुझेर र सराहाना गरेर उहाँका सबै जनहरूले उहाँप्रति प्रेम वर्षाएर उहाँको सेवा गरुन् भन्ने उहाँको चाहना हो। जबरजस्ती करकापमा उहाँका नीतिहरू पालन गरुन् भन्ने उहाँको चाहना होइन न त उहाँले रमाइलो नै मान्नु हुन्छ। सबै मानिसहरूलाई उहाँले आत्मनिर्णयको अधिकार दिनुभएको छ। सबैलाई स्वविवेकको स्वतन्त्रता दिनभएको छ। त्यस परिवेशमा मानिसहरूले स्वइच्छाले उहाँको सेवा गरुन् भन्ने उहाँको माग हो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३४बाट रूपान्तरित।

यदि सारा मानिसहरूले तिनीहरूको निष्ठा र प्रेम परमेश्वरमा सुम्पनुपर्छ भनेर स्वीकार गरेको भए सारा जगतमा साश्वत वा सिद्ध शान्ति छाउँथ्यो। तर केवल एउटै कुराले सबै थोकलाई बिगारी दियो। परमेश्वरले भन्दा आफूले जगतको शासन राम्रोसँग सम्हाल्न सक्छु भन्ने सारा स्वर्गदूतको अगुवा लुशिफरले सोचे। परमेश्वरको गरिमामय पद र महिमा र त्यससँग जोडिएको सम्मान् उसले खोस्न चाहेको थियो।

आफ्नो शक्ति सञ्चय गर्ने शैतानको चाहनाले गर्दा स्वर्गमा महान् युद्ध भयो (प्रकाश १२:७)। अदनको बँगैचामा भएको असल र खराबको ज्ञान दिने रुखको फल खानमा उसले आदम र हव्वालाई छलायो। त्यसले गर्दा यस पृथ्वी युद्धभूमीमा परिणत भयो। त्यसैबेलादेखि हामी त्यस युद्धको परिणाम भोगिरहेकाछौं। मुक्तिको योजनामा यी बुँदाहरू समाबेश छन्: परमेश्वरसँग बिद्रोह वा युद्ध गर्ने तत्वलाई थान्को लगाउने, यस संसारमा भएको अन्यौलता र

**विधिको शासनलाई अवज्ञा गर्ने प्रवृत्तिलाई सदाको निम्ति अन्त्य गराएर आदर्शमय विधिको शासन स्थापना गर्ने र शान्ति ल्याउने जुन् शैतानले खोसेको थियो।**

## १. स्वर्गमा भएको पतन (यशैया १४:४, १२-१५)

परमेश्‍वरको अगमवक्ता यशैयाले बेबिलोनको राजाको बारेमा दर्शन देखेका थिए। त्यस राजाको बारेमा वयान गर्दा उनले मानव शासकभन्दा अर्कै ठूलो व्यक्ति विशेषको बारेमा गरेका थिए। त्यस व्यक्ति को हुन्? हेर्नुहोस्ः यशैया १४:४,१२-१५। "४ तब तिमीहरूले बेबिलोनका राजाको विरुद्धमा यसरी ठट्टा गर्नेछौः अत्याचारीको कसरी पतन भयो! त्यसको रीसको अन्त कसरी भयो! ... १२ ए बिहानको तारा, प्रभातको पुत्र, तिमी स्वर्गबाट कसरी खस्यौ! उहिले जाति-जातिहरूलाई होच्याउने, तिमी कसरी भूईँमा तल खसालियौ। १३ तिमीले आफ्नो हृदयमा भन्यौ, "म स्वर्गमा उक्लनेछु। परमेश्‍वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्‍वर जत्तिकै बनाउनेछु।" १५ तर तिमी चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्चियौ।"

कोही पनि पृथ्वीको राजा स्वर्गबाट खसिएको छैन। त्यसकारण पद १२-१५ अनुसार कुनै राजा वा बेबिलोन (आधुनिक इराक)को शासकभन्दा ठूलैको बारेमा चर्चा गरिएको हुनसक्छ। अझ त्यो व्यक्ति त स्वर्गमा गएको भनिन्छ.. त्यो व्यक्ति त्यो थियो जसको काम थियो जुन् काम अरू स्वर्गदूतहरूभन्दा माथिल्लो स्तरको थियो। उत्तरमा रहेको पहाडमा रहेका कुनै व्यक्तिहरूको समूहको नेतृत्व गर्न त्यस व्यक्तिलाई जिम्मा दिइएको थियो। मध्यपूर्वी देशमा पूजा गरिने बिभिन्न देवताहरूको बारेमा त्यो व्याख्या गरेको देखिन्छ। बाइबलको समयमा पूजा गरिने ती देवताहरू बलिया छन् भनेर बिश्‍वास गरिन्थ्यो। तर यथार्थमा त्यस वचनले शैतानको महत्त्वाकाँक्षाहरूको बारेमा तुलनात्मक चर्चा गरिएको देखिन्छ।

यरुशलेमको नष्ट हुने भविष्यवाणी गर्दा येशूले कसरी हुनेछ भनेर त्यस्तै खालको तुलना गरेर चेलाहरूलाई बुझाउन खोज्नुभएको थियो (मत्ती २४)। पवित्र मन्दिर कसरी ध्वस्त हुनेछ भनेर चेलाहरूले येशूलाई सोध्नुभएको थियो। त्यसबेला उहाँको जवाफमा ई.सन् ७०मा हुने रोमीहरूद्वारा

हुने यरुशलेमको नष्ट र संसारको अन्तको बारेमा भविष्यवाणी गर्नुभएको थियो। त्यही प्रकारले यशैयाले संसारको राजाको बारेमा व्याख्या गरेको भएतापनि मानव राजा भन्दा कुनै महान् व्यक्तिको बारेमा चर्चा गरेका थिए।

शैतानको बारेमा अर्को अगमवक्ता इजकिएलले इजकिएल २८ः१,२,१२-१९ यसरी बयान गर्दछन् '१ परमप्रभुको यो वचन मकहाँ आयोः २ "हे मानिसको छोरो, टुरोसको शासकलाई भन्, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "तिम्रो हृदयको घमण्डमा तिमी भन्छौ, 'म एउटा देवता हुँ। म समुद्रको बीचमा एउटा देवताको सिंहासनमा बस्तछु!' तर तिमी त एउटा मानिस मात्र होस्, देवता होइनौ, यद्यपि तिमीले आफैलाई एक देवता जत्तिकै बुद्धिमान् सम्झन्छौ।... १२ "हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर्, र त्यसलाई भन्ः 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः " 'तिमी त सिद्धताको एक नमूना थियौ, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। १३ परमेश्वरको बगैँचा अदनमा तिमी थियौ। हरेक बहुमूल्य पत्थरले तिमी सिँगारिएको थियौ– मानिक, पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले तिमी आभूषित थियौ। तिम्रा मणिघरहरू सुनले मोहोरिएका थिए, तिमी सृजेको दिनमा नै ती तयार पारिएका थिए। १४ अभिभावक करूब हुनलाई तिमी अभिषेक गरिएको थियौ, किनकि त्यसरी नै मैले तिमीलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तिमी थियौ। अग्निमय पत्थरहरूका बीचमा तिमी हिँड्थ्यौ। १५ तिमी सृजिएको दिनदेखि तिमीमा अधर्म फेला नपरेको दिनसम्म, तिम्रो चाल-ढङ्गमा तिमी दोषरहित थियौ। १६ तिम्रा चारैतिरका व्यापारद्वारा तिमी उपद्रवले भरियौ, र तिमीले पाप गर्‍यौ। यसैले मैले तिमीलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तिमीलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ। १७ तिम्रो सुन्दरताले गर्दा तिम्रो हृदय घमण्डले फुलियो, तिमीले आफ्नो गौरवको कारण तिम्रो बुद्धिलाई भ्रष्ट पार्‍यौ। यसैले मैले तिमीलाई जमिनमा फालिदिएँ। राजाहरूका अगि मैले तिमीलाई तमासा बनाइदिएँ। १८ तिम्रा धेरै पापहरू र बेईमान व्यापारद्वारा तिमीले तिम्रा पवित्रस्थानहरूलाई बिटुलो पारेका छौ। यसैले गर्दा मैले तिमीबाटै एउटा आगो निकालिदिएँ, र त्यसले नै तिमीलाई भस्म पार्‍यो। तिमीलाई नियालेर हेर्नेहरू सबैका दृष्टिमा मैले तिमीलाई जमिनमा खरानी तुल्याइदिएँ। १९ जाति-जातिहरूमा तिमीलाई चिन्नेहरू तिमीलाई देखेर भयभीत हुन्छन्। तिमी एक डरलाग्दो अन्त्यमा आइपुगेका छौ, र तिमी फेरि कहिल्यै रहनेछैनौ।"

अदनको बगैचामा रहेको सिद्ध पुरूषको बारेमा इजकिएलले चर्चा गर्दछन्। ऊ धेरै थरिका बहुमूल्य पत्थरहरूले सिँगारिएको थियो। ती केही पत्थरहरू पछि गएर पौराणिक मन्दिरको पूजारीको छातीमा ओढ्ने छातीको पाटामा सजिएका थिए। उपरोक्त सिद्ध पुरुष परमेश्वरको सिहाँसनमा स्वर्गदूतका अगुवा भएर उहाँको सेवा गर्थे। तर सिद्ध जीव दुष्ट हुनपुगियो किनभने उनी आफ्नो सुन्दर्ताले गर्दा घमण्डले फुल्न पुगेको थियो।

मानिसहरूलाई चित्रण गरेर ती उदाहरणहरूले परमेश्वरका जीवहरूको बारेमा हामीलाई राम्रोसँग बुझाउन खोज्दछ। हामीले बुझ्ने सक्ने उदाहरणहरूलाई लिएर अगमवक्ताले आफूले देखेका दर्शनलाई व्याख्या गर्दछन्। हामीले हतपत बुझ्न नसकिने गहिरो अर्थ भएकोले अगमवक्ताले हाम्रोलागि सरल पारेका हुन्। स्वर्गमा के भयो सो हामी पृथ्वीमा बस्नेहरूले बुझ्न मुश्किल हुनसक्छ। तर यस संसारका स्वार्थी र महत्वाकाँक्षाले पिरोलेको शासकहरूको नकारात्मक परिणामहरू हामी सबैलाई थाहा छ। दुबै यशैया र इजकिएलले कसरी परमेश्वरको सुन्दर र सिद्ध राजलाई बिध्वँसात्मक महत्वाकाँक्षाले तहसनहस पारेको छ भनेर हामीलाई राम्रोसँग बुझाउन खोजेका थिए।

सिद्ध परमेश्वरले सृष्टि गर्नुभएको लुशिफर सिद्ध व्यक्ति र सिद्ध स्थानमा थियो। तर उसको घमण्ड तथा अहँ भावनाले उनलाई बिगारिदियो। जब आफ्नो भाऊ खोज्ने नियत तथा घमण्डले हामी पापीहरू मात्तिन्छौं तब शैतानको चर्तिकलाले हामीलाई के बताउँछ?

## २. यस संसारको शासक वा राजकुमार (यूहन्ना १२:३१)

येशूले शैतानलाई यस संसारको राजकुमार वा शासक भनेर किन स्वीकार्नुभएको छ? हेर्नुहोस् देहायका पदहरूः यूहन्ना १२:३१ "अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ।", यूहन्ना १४:३० "म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन।" र यूहन्ना १६:११ ‘र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ।"

जब परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो तब उहाँले तिनीहरूलाई अदनको बगैँचामा राख्नुभएको थियो। त्यस बगैँचाको हेरचाह गर्न उहाँले तिनीहरूलाई त्यहाँ राख्नुभएको थियो (उत्पत्ति २:८,१५)। पानीमा, आकाशमा र पृथ्वीमा भएका सबै जीव जीवातहरूलाई तिनीहरूले रेखदेख

गरेका थिए (उत्पत्ति १:२६,२८)। जब सबै जन्तु जनावरहरूको नाउँ आदमले राखिदिए तब तिनीहरूको सम्भार गर्न र व्यवस्थित गर्न उनलाई सुम्पिएको थियो भनेर देखाएको थियो। प्रायजसो जसले जसमाथी अधिकार गर्छ त्यसले त्यसको नाउँ राखिदिनसक्छ। जब आदमले सारा जीवहरूलाई नाउँ दिए तब उनी यस संसारको शासक भएर आफ्नो प्रभुत्व जमाएका थिए भनेर स्पष्टरूपमा प्रमाणित गरेको थियो।

जब परमेश्वरको वचनलाई अवहेलना गरेर शैतानको कुरा सुने तब आदमले यस संसारमाथिको प्रभुत्व वा अधिकार गुमाए र शैतानले हतपत त्यसलाई आफ्नो हातमा लिए। यद्यपि मानव जाति ख्रीष्टले कलभरीमा आफ्नो ज्यानको बलिदान गर्नुभएकोले शैतानको पासोबाट मुक्त हुन अवसर पाएको थियो। अनि अनन्तको राज्यमा मुक्तिपाएका मानिसहरूले आदम र हव्वाले पाएका परमेश्वरसँग रहेर शासन गर्ने अधिकार पाउनेछन्। तिनीहरू अनन्तकालसम्म राजा र पुजारीहरूभएर बस्न पाउनेछन् (प्रकाश १:६, प्रकाश ५:१०)।

आदमले गुमाउनुपरेको अधिकार कतिको ठूलो थियो भनेर अय्युबको पुस्तकको सुरुका अध्यायहरूमा वर्णन गर्दछ। जगतको सिँहासनको बारेमा हामी जब बुझ्दछौं तब हामी मानव जगत पतनपछि प्रकृतिको नियन्त्रणमा कतिको रहन पुग्यौं भनेर बुझ्न सक्नेहुन्छौं।

परमेश्वरको सिहाँसनको सामु ठूलो भेलामा शैतान पनि जगतका अरू जीव वा परमेश्वरका सन्तानहरूसँग सरिक भएको थियो। यस पृथ्वीमा तलमाथि गर्ने आफू को हो भनेर शैतानले आफ्नो बारेमा किन परिचय दियो? हेर्नुहोस् देहायका पदहरू: अय्युब १:६,७ 'एक दिन स्वर्गका दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तिमी कहाँबाट आयौ?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" र अय्युब २:१,२ "१ अर्को एक दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि आफूलाई उहाँको अगाड़ि उपस्थित गराउन तिनीहरूसँगै गयो। २ अनि परमप्रभुले शैतानलाई सोध्नुभयो, "तिमी कहाँबाट आयौ?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दैआएको हुँ।"

"चारैतिर घुमफिर गर्ने" वा "तलमाथि गर्ने" चालन केवल पाहुनाकोमात्रको चाल होइन। बाइबलमा शैतानले यस संसारमा आफ्नो आधिपत्य जमायो भनेर देखाउँदछ। जब परमेश्वरले अब्रहामलाई जमिन

दिनुभयो तब उहाँले उनलाई त्यस जमिनको लम्बाई चौडाइमा हिँड भन्नुभएको थियो (उत्पत्ति १३:२४)। त्यही निर्देशन मोशा र यहोशूलाई पनि उहाँले दिनुभएको थियो (व्यवस्था ११:२४, यहोशू १:३)। शैतान आफू यस संसारको देवता वा स्वामी भनेर परमेश्वरको सामु फुर्ती लगाएको देखिन्छ (२ कोरन्थी ४:४)।

जुन रूपमा शैतानले परमेश्वरको सामु आफूलाई अय्युब १,२मा पहिचान दियो त्यो उत्पत्ति ३मा के भयो त्यो जस्तो थिएन। शैतानले मानव जगतमा समस्याहरू ल्याउँछन् र आफ्नो नाश गर्ने कामलाई फत्ते गर्न प्रयास गर्छन्।

शैतानले यस संसारमा कस्तो काम गरिरहेको छ भनेर प्रमाणित गरिरहेको छ? एक दिन  सबै पिडा र गडबडहरूको अन्त्य हुनेछ भन्ने परमेश्वरले दिनुभएको प्रतिज्ञामा तपाईँलाई कस्तो आशा प्रदान गर्छ?

## ३. स्वर्गमा भएको संग्राम (प्रकाश १२:७-१६)

स्वर्गमा भएको संग्रामको बारेमा हामीहरूको दिमागले कल्पना नै गर्न सक्दैनौं। बिचारिय युद्ध बाहेक कस्तो खालको भौतिक युद्ध स्वर्गमा भयो जसले गर्दा एक तिहाइ स्वर्गदूतहरू शैतानकोसाथमा स्वर्गबाट निस्कासित भए। त्यस युद्धले स्वर्गमा कस्तो विध्वंस मच्चाए र कस्तो क्षति पुऱ्याए भनेर बाइबलले खुलासा गरेको छैन। तर त्यसको परिणामाले यस पृथ्वीमा आत्मिक जगतमा तहसनहस ल्याएको थियो भन्ने कुरामा दुईमत छैन।

स्वर्गमा भएको ख्रीष्ट र शैतानको बीचमा महान् युद्ध र त्यसले यस संसारमा पाएको निरन्तरताको बारेमा प्रकाश १२:७-१६ले के भन्छ? हेर्नुहोस्: "७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए। १० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, “अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र

तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" १३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो। १५ त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई सहायता गर्‍यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो। १७ अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो।"

"हामीहरूका दाजुभाईहरूलाई" दोष दिइरहने र शैतानमाथि बिजय पाइरहने मानिसहरूसँग शैतानले युद्ध छेडिरहेको छ भनेर यूहन्नाले सकारात्मक रूपमा चर्चा गर्दछ। मुक्ति र आउनेवाला परमेश्वरको राज्यको (प्रकाश १२:१०,११)लाई यूहन्नाले जोड्दछ। उपरोक्त सकारात्मक बिषयबस्तु त्यस अध्यायमा निरन्तररूपमा प्रस्तुत गरेको छ र ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध वा बिवादको महत्त्वपूर्ण भाग पनि हो।

प्रकाश १२को मूल विषयबस्तुलाई हामीले राम्रोसँग अध्ययन गर्नु जरुरी छ। त्यहाँ तिन आक्रमणको धम्किलाई उल्लेख गरेको छ। प्रत्येक धम्कि पछि अचम्मको उद्धारको बारेमा उल्लेख गरिएको छ। ख्रीष्ट र शैतानको बीचमा भएको संघर्षलाई यूहन्नाले आफ्नो दर्शनमा देखेका थिए र त्यहाँ शैतानको पूरा नीरिहता वा शक्तिहिनतालाई पनि उनले देखेका थिए।

उदाहरणमा त्यस महान् रातो ड्रागन वा अजिङ्गर (शैतानः प्रकाश १२:३,९)ले जन्मन लागेको बालक (येशू)लाई निल्न खोज्छ। त्यस्तो आतङ्कित चर्तिकलामा कुन् बालक बच्न सक्छ र? तर उनी बाँच्छन् र परमेश्वरको सिहाँसनमा पुग्छन्।

त्यस अजिङ्गर स्त्रीलाई हमला गर्न खोज्छ (त्यो परमेश्वरको चर्च वा जनहरू हुन्, प्रकाश १२:१३)। भर्खर प्रसव बेदनाले कष्ट पाएर बालक जन्माउने स्त्रीले त्यस राक्षसी अजिङ्गरसँग कसरी भिँड्न सक्छ र? तर उनी पनि अचम्म तरिकाले उसबाट उम्किन्छिन् (प्रकाश १२:१४)।

अजिङ्गर वा शैतानले परमेश्वरका चुनिएका मानिसहरूलाई नाश गर्न खोज्छ। त्यो उसको तेश्रो प्रयास थियो। यस बखत अजिङ्गरले त्यस स्त्रीलाई भयङ्कर वाढीको सृजना गरेर त्यस स्त्रीको पिछा गर्छ (प्रकाश १२:१६)। सुनामी जस्तो बाढबाट स्त्री कसरी उम्कन सक्छिन् र? तर यहाँ पनि परमेश्वरले हस्तक्षेप गरेर उनलाई उद्धार गर्नुहुन्छ (प्रकाश १२:१६)।

अब त्यस स्त्रीलाई नाश गर्न नसकेपछि त्यो अजिङ्गर उनका बाँचेका सन्तान वा परमेश्वरका जनहरूको पिछा गर्छ। त्यो अजिङ्गर रूपी शैतान अत्यन्त क्रोधित हुन्छ र त्यस स्त्रीका सन्तानहरूसँग युद्ध गर्छ। बर्षौं बर्षसम्म परमेश्वरका जनहरूलाई शैतानले (धर्मकै नाउँमा किन नहोस्) कसरी पिछा गरे, तिनीहरूको हत्या गरे, तिनीहरूलाई हमला गरे भनेर इतिहास साक्षी छ। बर्तमान परिप्रेक्ष्यमा पनि परमेश्वरप्रति निष्ठावान हुनेहरू कसरी उम्किन सक्छ होला भनेर अचम्म मानिरहेको छौं। तर त्यस कथा त्यहीं टुङ्गिएको छैन भनेर हामीले बिर्सनुहुन्न। त्यो कथाको निरन्तरता प्रकाश १४ले दिएको छ जहाँ परमेश्वरका बफादारी तथा निष्ठावान जनहरू परमेश्वरको सिहाँसनको सामु उभिरहेका हुन्छन्। त्यसको अर्थ तिनीहरूको पनि उद्धार भएको थियो।

तपाईंको जीवनमा तपाईंले सहन सक्नेभन्दा पनि बेसी चाप वा दवाब आउँदा प्रभुमा साहसिलो भएर बस्न कसरी सिक्नुहुन्छ? शैतानको ती सबै दवाब तथा आक्रमण भन्दा परमेश्वर बलियो हुनुहुन्छ भनेर कसरी यकिन हुने?

## ४. शैतान हताहत हुन्छ वा उसलाई स्वर्गबाट फ्याकिन्छ (लूका १०:१-२१)

हामीले हेर्‍यौं स्वर्गमा सुरूभएको युद्ध त्यहाँमात्र सिमित नरहेर यस पृथ्वीमा पनि सरेको थियो। केही समयसम्म हामीहरूका दाजुभाईहरूलाई दोष दिने शैतान (प्रकाश १२:१०) परमेश्वरको सिहांसनसामु उभिएर उहाँ जनहरूलाई अभयोग लगाउने काममा लागिरहन सकेको देखिन्छ। शैतानको आहत अय्युबले खप्नुपरेको थियो। अय्युब बाइबलको एक अगुवा पात्र थिए जसल शैतानको दिएको बेइज्जतमा उनले कष्ट भोग्नुपर्‍यो।

शैतानको बारेमा येशूले एक फेरा टिप्पणी गर्नुभएको थियो। त्यो टिप्पणीको अर्थ के थियो? हेर्नुहोस्, लूका १०:१-२१ "१ यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुई-दुई जना गरी पठाउनुभयो। २ उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू

पठाइदेऊन्।d ३ जाओ, हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाका
पाठाहरूझैं पठाउँछु। ४ न त पैसाको थैली, न झोली, न जुत्ता बोक, न बाटोमा
कसैलाई अभिवादन गर। ५ "जुन घरमा पस्छौ पहिले भन, 'यस घरलाई शान्ति
होस्!' ६ यदि त्यहाँ शान्तिप्रिय मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग
रहनेछ, तर रहेनछ भने त्यो शान्ति तिमीहरूकहाँ नै फर्किआउनेछ। ७
तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस। किनभने खेताला
आफ्नो ज्यालाको योग्य हुन्छ। घर-घर नपसी हिंड़। ८ "जब तिमीहरू कुनै
सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु
राखिदिएको भोजन खाओ, ९ त्यहाँ भएका रोगीहरूलाई निको पार, र
तिनीहरूलाई भन, 'परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ।' १०
तर जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत
गर्दैनन्, तब निस्केर त्यस सहरका सड़कहरूमा जाओ, र भन, ११ 'हाम्रा खुट्टामा
टाँसिएको तिमीहरूका सहरको धूलोसमेत हामी तिमीहरूका विरुद्धमा
टकटक्याउँछौं। तापनि यो जान, कि परमेश्वरको राज्य नजिकै आइपुगेको
छ।' १२ म तिमीहरूलाई भन्दछु, त्यस दिन त्यस सहरको भन्दा सदोमको
हालत सहनीय हुनेछ। १३ "धिक्कार तँलाई, खोराजीन! धिक्कार तँलाई,
बेथसेदा! किनकि तिमीहरूमा भएका सामर्थ्यका काम टुरोस र सीदोनमा
गरिएको भएदेखि तिनीहरूले अघि नै भाङ्ग्रा लाएर खरानीमा बसी पश्चात्ताप
गर्नेथिए। १४ तर न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको
हालत सहनीय हुनेछ। १५ अनि तिमी, कफर्नहुम! के तिमी आकाशमा
उचालिने र? तिमी पातालमा खसालिनेछौ। १६ "जसले तिमीहरूका कुरा सुन्छ,
त्यसले मेरो कुरा सुन्छ। जसले तिमीहरूलाई अस्वीकार गर्दछ, त्यसले मलाई
अस्वीकार गर्दछ, र जसले मलाई अस्वीकार गर्दछ, त्यसले मलाई
पठाउनुहुनेलाई अस्वीकार गर्दछ।" १७ ती सत्तरी जना आनन्दसाथ फर्केर
आई यसो भने, "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्।"
१८ उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं
खसिरहेको देखें। १९ मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र
शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरूलाई हानि
गर्नेछैन। २० तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने
होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ।" २१
त्यही बेला येशू पवित्र आत्मामा उल्लसित हुनुभयो, र भन्नुभयो, "हे पिता, स्वर्ग
र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा

बुद्धिमान् र समझदारबाट गुप्त राखेर बालकहरूलाई प्रकट गर्नुभयो। किनकि, पिता, तपाईंलाई यही असल लाग्यो।"

सत्तरी जनालाई प्रचार गर्न पठाउनुभन्दा पहिले येशूले कुनै अर्को जोर लुगा र पैसा नलानु (लूका १०:४) र जुन घरमा पस्छ त्यस घरको मालिकलाई परमेश्वरले आशिष दिउन् भनेर अभिवादन गर्नु भन्नुभएको थियो (लूका १०:५)। तिनीहरू ब्वाँसाहरूका बीचमा भेंडाहरू जस्तै हुनेछ भनेर पनि उहाँले तिनीहरूलाई सतर्क गराउनुभएको थियो (लूका १०:३)। यही अवधरणा प्रकाश १२मा पनि पाइएको छ जस्मा अजिङ्गर रूपी शैतानले परमेश्वरका जनहरूसँग युद्ध गर्न कोशिश गरेको थियो।

जब तिनीहरूले आफ्नो काम फत्ते गरेपछि फर्के तब शैतानका बीरहरू पनि तिनीहरूको शक्तिको अधिनमा रहेको ती चेलाहरूले सुनाएका थिए। त्यस समाचारले येशूलाई अत्यन्त खुशी पारेको हुनुपर्छ (लूका १०:२१)। त्यसबेला शैतान आकाशबाट बज्र खसेको जस्तै देख्नुभएको थियो भनेर येशूले व्यक्त गर्नुभएको थियो। ती चेलाहरूको आनन्द तिनीहरूको सफलता अर्थात् शैतानका आत्माहरूलाई जित्न सकेको नभएर तिनीहरूको नाउँ स्वर्गमा लेखिएको आधारमा हुनुपर्छ भनेर येशूले सतर्क गराउनुभएको थियो। मानव जातिले पाउने मुक्तिको जग कहाँ हुन्छ भनेर त्यस अभिव्यक्तले देखाउँछ-कुनै पनि मानिसको अथक प्रयासमा होइन तर हाम्रो मुक्तिदाताको हातमा। त्यसको अर्थ हामी होइन येशूले शैतानका बीर अर्थात् भुतात्माहरूलाई हराउनुभएको थियो।

येशूले मुक्तिलाई जित्नुभएको बारेमा हेर्ने अवसर येशूले उहाँका भक्तहरूलाई दिनुभएको थियो। लूका १०:१७-२०मा येशूले दिनुभएको सुसमाचार प्रचारको निर्देशनमा शैतानमाथि बिजय प्राप्त गर्ने शक्ति समावेश भएको बुझिन्छ। त्यसको अर्थ यस संसारमा भइरहेको ख्रीष्ट र शैतानसँगको संग्राममा उहाँका उपासकहरूले बिजय पाउन सक्छ भन्ने बिश्वास दिलाउँछ। जब सुसमाचारको प्रचार गरिन्छ र गवाही बाँधिन्छ तब यस संसारका मानिसहरूमाथि शैतानको शक्ति घट्न गइरहेको हुन्छ। अनि परमेश्वरको राज्यलाई यस संसारमा पुन बिस्तारित गर्न उहाँले मानिसहरूलाई मौका दिनुहुन्छ।

क्रुसमा येशूले पाउनुभएको बिजयले शैतानमाथि बिजय पाउन उहाँ सफल हुनुभएको थियो। येशूले शैतानका अस्त्र र अधिकारहरू खोसेर उसमाथि बिजय पाउनुभएको थियो भनेर पावलले एफिसी २:१५मा व्यक्त गर्दछन्।

येशूमा मात्र परमेश्वरका जनहरू सफल हुन्छ। शैतानको अन्त्य वा मृत्यु निश्चित छ। यस संसारका शासक फ्याकियो भनेर येशूले भन्नुभएको थियो (यूहन्ना १२:३१ रूपान्तरित)। परमेश्वरका जनहरूलाई उसले फेरि दुःख दिन सक्नेछैन। यथार्थामा जुन् युद्ध भइरहेको छ त्यो युद्ध हाम्रो नभएर परमेश्वरको हो भनेर हामी यकिन छौं।

"तिमीहरूको नाउँ स्वर्गमा लेखिएकोले रमाऊ।" ती शब्दहरूको गहिरो अर्थ के हो सोच्नहोस्। ती वचनले के भनिरहेको छ? हामी खुशी हुनुपर्ने त्यो ठूलो कारण के हो?

## ५. ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्धको निरन्तरता (यूहन्ना १६:३३)

यदि कुनै सर्पलाई मारियो भने त्यस भर्खरै मारिएको सर्पले अझ पनि बिष फ्याक्न सक्छ यदि कसैले त्यसलाई टिप्यो भने। त्यही प्रकारले शैतानको टोकाई पनि बिषालु तथा मारिने खालको छ। कलभरीमा उसले आफ्नो संग्राम हराएको होला, तर शैतानले ल्याएको पापको खतरा अझ मेटिएको छैन।

येशूले दुष्ट वा शैतानसँगको मुकाबिला जारी रहेको तथ्य आफ्ना चेलाहरूलाई कसरी बताउनुभयो,, सो हेर्नहोस् यूहन्ना १६:३३मा "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।"

येशूले आफ्ना भक्तहरूलाई कहिलै पनि सापति आश्वासन दिनुभएन। उहाँको पछि लाग्नेहरूले सङ्कष्ट भोग्नुपर्नेछ भनेर उहाँले स्पष्टरूपमा अग्रिम सूचना दिनुभएको थियो। तर तिनीहरूले येशूमा पाइने बिजयमा नजिकसँग ध्यान दिनुपर्छ भनेर उहाँले ध्यानार्कषण गर्नुभएको थियो। येशूको वचनवद्धतामा प्रतिबिम्बित गरेर पावलले रोमका बिश्वासीहरूलाई साहस दिँदै उनी भन्छन् कि परमेश्वरले शैतानलाई आफ्नो पाऊको मूनि कुल्चनुहुनेछ (रोमी १६:२०)। अन्तिम दिनको चर्चलाई लक्ष्य गरेर यूहन्नाले पनि त्यही भन्छन्। येशूभक्तहरूको बिजय थुमाको रगतमा सुरक्षित छन् (प्रकाश १२:११)।

प्रेरित पावलले परमेश्वरका निष्ठावान साक्षीहरूको बारेमा हिब्रू १२:१,२मा यसरी भन्दछन् "यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। २ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने

राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।" ती साक्षीहरू को हुन् त? हेर्नहोस् हिब्रू ११ "१ अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो। ३ विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो। ४ विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सहमती जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्। ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ। ७ विश्वासद्वारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए। यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए।

८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। ११ किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। १२ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४

यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ। १७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तिम्रो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए। २० विश्वासद्वारा इसहाकले याकूब र एसावलाई तिनीहरूका भविष्यको बारेमा आशीर्वाद दिए। २१ विश्वासद्वारा मर्ने बेलामा याकूबले आफ्नो लौरोको टुप्पामा घोप्टो परेर परमेश्वरको आराधना गरे, र योसेफको प्रत्येक छोरालाई आशीर्वाद दिए। २२ विश्वासद्वारा योसेफले आफ्नो जीवनको अन्त्यतिर इस्राएलीहरूका प्रस्थानको विषयमा उल्लेख गरे, र उनका अस्थिको विषयमा आदेश दिए। २३ मोशा जन्मँदा तिनका आमा-बुबाले तिनलाई सुन्दर देखे, र विश्वासद्वारा तीन महिनासम्म तिनलाई लुकाइराखे, र राजाका हुकुमको तिनीहरूले डरै मानेनन्। २४ जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए। २७ राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे। २८ ज्येष्ठलाई नाश गर्नेले तिनीहरूलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के। २९ विश्वासद्वारा ओबानो भूमिमाझैं गरी हिँड़ेर तिनीहरूले लाल समुद्र पार गरे, जुन कुरो मिश्रीहरूले प्रयत्न गर्दा डुबेर मरे। ३० सात दिनसम्म परिक्रमा गरेपछि विश्वासैबाट यरीहोका पर्खालहरू ढले।

३१ जासूसहरूलाई राम्रो स्वागत गरेकी हुनाले अनाज्ञाकारीहरूका साथमा राहाब वेश्या नाश भइनन्। ३२ अरू बढ़ी म के भनूँ? किनकि गिदोन,

बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन– ३३ जसले विश्‍वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू थुनिदिए, ३४ आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए। ३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए। अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे। ३६ अरूहरूले गिल्ला, कोर्रबाजी, बन्धन र कैद पनि भोग्नुपर्‍यो। ३७ तिनीहरूलाई ढुङ्गाले हाने। तिनीहरू करौंतीले चिरिए। तिनीहरू तरवारले मारिए। भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिहिँड़े। ३८ संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड्नुपर्‍यो। ३९ तिनीहरू सबैले आफ्ना विश्‍वासको निम्ति ठूलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन्। ४० परमेश्‍वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँग मात्रै तिनीहरू सिद्ध तुल्याइऊन्।"

बिश्‍वासका केही बीर योद्धाहरूको बारेमा संक्षेपमा पावलले उपरोक्त हिब्रू ११मा वर्णन गर्दछन्। हाबेलले सिद्ध बलि चढाए र उनी मरेपछि पनि उनलाई बिर्सिएको छैन। हनोक परमेश्‍वरसँग यति नजिक हुनुभयो कि उनलाई आफूसँग रहन उहाँलाई स्वर्गमा सिधै लगियो। पापमा डुबिरहेका मानिसहरूलाई चेतावनी दिँदै जलप्रलयमा नडुबोस भनेर नदेखेको मुक्तिलाई पाउन नोआले अपिल गरेका थिए। प्रतिज्ञा गरिएको देशमा रहन अब्राहमले एक महान् सभ्यता खडा गर्छन्। गर्भवती हुन धेरै बुढी भइसकेपनि साराले प्रतिज्ञा गरिएको छोरो जन्माउँछन्। राजकिय रवाफमा रहनुको सट्टा आफ्ना जनहरूसँग कष्ट भोग्न मोशाले निर्णय गर्छन्। परमेश्‍वरको महान् पराक्रमलाई राहेबले देख्दछिन् (यहोशू २:९-११)। ती मानिसहरू नै हुन् जुन् हिब्रू १२:१मा साक्षीका ठूला जमात भनेर पावलले उल्लेख गरेका थिए। तिनीहरू कुनै कुटी वा गुफामा ध्यान गरेर बस्ने त्यागी वा सिद्ध व्यक्तिहरू थिएनन्। संसारमा भइरहेको खेललाई दर्शक भएर तिनीहरू लाचारले हेरिरहेका थिएनन्। बरू तिनीहरू सक्रिय रूपमा परमेश्‍वरमाथिको बिश्‍वासमा साक्षी दिए र जीवनसँग संघर्ष गरिहनेहरूलाई साथ दिन आफूहरू पनि सरिक भए। शैतानसँगको युद्धमा हामी एक्लै छैनौं।

हिब्रू ११मा उल्लेख गरेका पात्रहरूको जीवनलाई नियालेर हेर्नुहोस्। तिनीहरू को थिए? तिनीहरूको स्वभाव कस्तो थियो? तिनीहरू कमजोर थिए र गलत गर्ने मानिसहरू थिए भनेर थाहा पाउनुभएर तिनीहरूको जीवनबाट तपाईंले कस्तो साहस लिन सक्नुहुन्छ? तिनीहरू कुनै सिद्ध व्यक्तिहरू थिएन तर तपाईं हामी जस्तो त्रास र कमजोरसँग संघर्ष गरिरहेका बिश्वासका योद्धाहरू थिए।

## उपसंहारः

थप जानकारीः लुशिफरको हृदयमा पाप कसरी उब्ज्यो भन्ने कुरा हामीलाई थाहा छैन। यस सन्दर्भमा एलेन जी ह्वाइट भन्छिन् " अलि अलि गरेर आफ्नो भाऊ खोज्ने प्रवृत्ति बढाउँदा बढाउँदा त्यस्तो बिकराल रुप लियो।" पाट्रियार्क एण्ड प्रोफेटस्, पृ ३५बाट रूपान्तरित। सिद्ध व्यक्तित्व भएको स्वर्गदूतमा त्यस प्रवृत्ति पस्यो भन्दा परमेश्वरको शासनमा आत्मनिर्णय र स्वविवेकको स्वतन्त्रा कतिको प्रभावकारी रहेछ भनेर प्रमाणित गर्दछ। परमेश्वरले सृष्टि गर्नुभएका सबै जीवहर असल थिए। तिनीहरू नैतिकवान थिए। तिनीहरू स्वःत धर्मी र उचित मार्गमा हिंड्ने गरेर सृष्टि गरिएका थिए। जब तिनीहरूको सृष्टि गरियो तिनीहरूमा पाप गर्ने प्रवृत्ति हुने गरेर सृष्टि गरिएको थिएन। यद्यपि लुशिफरको दिमागमा पाप कसरी घुसियो त? त्यसको जवाफचाहीं जवाफै छैन। पाप गर्नुपर्ने कुनै बहाना नै छैन। यदि त्यसको बहाना भएको भए त्यसको जिम्मेवारी परमेश्वरले लिनुहुने थिएन। हामी मानव प्राणी भएकोले कुनै असर हुनुभनेको त्यसको कारण हुन्छ भनेर हामीलाई थाहा छ। तर पापको कारण नै थिएन। पाप हुनु पर्ने कुनै कारणै थिएन। त्यो बेकारको छ र त्यसले कुनै अर्थ नै दिंदैन। लुशिफरले आफनो त्यस गलत बाटो अपनाउनुपर्ने कुनै जायज कारणै थिएन। तर आफूले पाएको आत्मनिर्णयको अधिकार र स्वविवेकको स्वतन्त्रतालाई उसले दुरूपयोग गरे र ऊ दुष्टमा गनिन पुगियो। कारणबस परमेश्वरको चिराक बोक्ने व्यक्तिबाट उनी महान् शत्रु हुन पुग्यो। हामीले धेरै कुराहरू बुझ्न सकेका छैनौं तर परमेश्वरले दिनुभएको आत्मनिर्णय र स्वविवेकको स्वतन्त्रतालाई कसरी उपयोग गर्नुपर्छ भन्ने ज्ञानप्रति सचेत रहन हामीलाई प्रसस्त जानकारी उपलब्ध भएकोले हामी कुन् बाटोमा हिंड्नुपर्छ सो बाटो हाम्रो सामु खडा भइरहेको छ भनेर आत्मसात् गरिनै रहनुपर्छ।

**चिन्तनमननः**

अ. परमेश्वरको खिलाफमा जान डाह, ईखले शैतानको दिमागमा ठूलो भूमिका खेलेको थियो। तपाईँको आफनै अनुभवमा डाहले कस्तो खालको नोक्सान पुऱ्याइरहेको देख्नुहुन्छ? त्यस साझा भावनासँग हामीले कसरी मुकाबिला गर्ने?

आ. स्वविवेक र आत्मनिर्णयको स्वतन्त्रताको अचम्मको बरदानको बारेमा गहिरिएर सोच्नहोस्। त्यो बरदान हामीहरूको दैनिक जीवनमा कसरी उपयोग गर्ने? फेरि त्यसै बखत ती बरदानहरूलाई दुरूपयोग गर्दा अत्यन्त नराम्रा परिणामहर भएको पनि सोच्नुहोस्। त्यसकारण ती बरदानहरूलाई सही रूपमा हामीहरूले कसरी उपयोग गर्ने?

इ. आत्मनिर्णय र स्वविवेकको स्वतन्त्रताको परिवेशमा दश आज्ञाहरको भूमिका के छ? परमेश्वरले हामीहरूलाई व्यवस्था वा दश आज्ञाका कानुनहरू दिनुभएकोले हामीमा आत्मनिर्णयको अधिकार दिइएको छ भनेर नसोचौँ त? यदि कुन् ठीक कुन् बेठीक छ भनेर चुन्ने नैतिक अधिकार नदिएको भए परमेश्वरको नैतिक आदर्श वा दश आज्ञाहरूको औचित्य के छ र? परमेश्वरको त्यो व्यवस्था के हो र मानिको स्वतन्त्रतामा त्यसको भूमिकाको बारेमा के भन्छ, सो चिन्तनमनन् गर्नुहोस्।

ई. कतिपय मानिसहरूले शैतानको अस्तित्वलाई स्वीकार गर्न इन्कार गर्छन्। बाइबलले सिकाएका आधारभूत शिक्षाबिरुद्ध त्यो धारणा गलत छ वा भिन्न छ भनेर हामीले कसरी बुझ्ने?